# भाग २

## नेपाल सरकार

## कानून तथा न्याय मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०६७ को ऐन नं. ८

### ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ को उपधारा (१) बमोजिम संविधान सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "ऋण तथा जमानत (अठारौं संशोधन) ऐन, २०६७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ मा संशोधन : ऋण तथा जमानत ऐन, २०२५ को दफा ३ को उपदफा (१) मा रहेका "तीन खर्ब रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "तीन खर्ब पचास अर्ब रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

३. अध्यादेश निष्क्रिय हुने : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको ऋण तथा जमानत (अठारौं संशोधन) अध्यादेश, २०६७ यो ऐन प्रारम्भ भएपछि स्वतः निष्क्रिय हुनेछ।

५६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम अध्यादेश निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा त्यसरी भएको निष्क्रियताले,-

(क) अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याइ अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) खण्ड (क), (ख), (ग) र (घ) मा लेखिएको कुनै हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड, सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

प्रमाणीकरण मितिः २०६७।११।०३।३

आज्ञाले,
माधव पौडेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु.९५।–
गो.ह.द.नं. १६।०६३।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

१३५

मुद्रण विभाग, सिंहदरबार

८६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।